स्थानीय सरकार

# खाँडादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप

वागमती प्रदेश, नेपाल

## दररेट पेस गर्ने सम्वन्धी सूचना!!

प्रथम पटक प्रकाशन मितिः २०८२।०८।०५

प्रस्तुत विषयमा यस खाँडादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०८।०३ गतेको वैठकको निर्णयानुसार यस खाँडादेवी गाउँपालिका को आर्थिक वर्ष २०८२।०८३ को आर्थिक ऐन अनुसारको दररेटमा यस आर्थिक वर्षभरी पशुपंक्षी निकासी कर संकलन गर्नका लागि न्यूनतम रू.५०,०००।–(पचास हजार रूपैयाँ) कायम गरी वढावढका लागि प्रस्ताव सहित उल्लेखित कागजात यस कार्यालयमा सिलबन्दी गरी सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र पेस गर्नहुन सम्वन्धित सवैमा सूचित गराईन्छ। आर्थिक ऐन अनुसारको कर तपसिल वमोजिम रहेको छ।

तपसिलः

| क्र.सं. | विवरण | एकाई | दर | कैफीयत |
|---|---|---|---|---|
| १ | भैंसी निकासी | गोटा | ५०० | |
| २ | लोकल गाई तथा गोरु निकासी | गोटा | १०० | |
| ३ | अन्य गाई तथा गोरु | गोटा | ५०० | |
| ४ | भेडा तथा वाखा निकासी | गोटा | ५० | |
| ५ | वंगुर निकासी | गोटा | ५० | |
| ६ | कालिज,हाँस, लोकल कुखुरा | गोटा | १ | |

संलग्न गर्नुपर्ने कागजातहरूः

- व्यवसाय दर्ता प्रमाणपत्र तथा नवीकरण गरिएको पत्र,
- स्थायी लेखा नं दर्ता प्रमाणपत्र,
- आर्थिक वर्ष २०८१/८२ को कर चुक्ताको प्रमाणपत्र वा करचुक्ता लिनका लागि गरिएको म्याद थप पत्र।

..............................

चोलरमण अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

"सुन्दर, सभ्य र समृद्ध खाँडादेवी"

☎ 9854023600 khandadevimun.gov.np khandadevimun@gmail.com